स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



डिजिटल युगसँगै नेपाली फिल्मलाई सफलताको मानक मानिने प्रदर्शनको ५१औं र सय दिन दुर्लभ बनेको छ । 'दिमाग खराब'ले भने प्रदर्शनको सय दिन पूरा गरेको छ । फिल्मको 'लाइफटाइम कलेक्सन' १० करोडको आसपास छ । अर्थात् यस वर्षको 'हिट' फिल्म बनेको छ । निर्देशक निश्चल बस्नेतले 'दिमाग खराब'को सिक्वेल समेत घोषणा गरिसकेका छन्, जुन २०८३ सालमा प्रदर्शन गर्ने उनको लक्ष्य छ । उनले २०८४ सालको चुनावलाई लक्षित गरेर फिल्म बनाउन लागेको बताइन्छ ।

**आजको विचार...**



मदन अधिकारी

सबल...
(दुई पेजमा)

अभिनेत्री राधिका आप्टेको अभिनय क्षमताको बलिउडमा जति धेरै चर्चा हुन्छ, त्योभन्दा बढी उनको अभिव्यक्ति र हर्कतलाई लिएर विवाद हुने गरेको छ । राधिकाले तेलुगू फिल्म इन्डस्ट्री पितृसत्तात्मक रहेको र महिलामाथि नराम्रो व्यवहार हुने गरको बताएकी छन् । उनले भनेकी छन्, 'जुन इन्डस्ट्रीमा मैले सबैभन्दा बढी संघर्ष गरेँ, त्यो तेलगू हो । किनकि, यो इन्डस्ट्री निकै पितृसत्तात्मक छ । एकप्रकारले पुरुष प्रधान हो । पुरुष अन्धा राष्ट्रवादी हुन् । महिलामाथि त्यहाँ जुन तरिकाको व्यवहार गरिन्छ, त्यो असहनीय छ ।'



❒ वर्ष २९ ❒ अंक २०१ ❒ २०८० फागुन ६ गते आइतबार 18 February 2024, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### आमाको आत्मदाह प्रयासमा छोरीको मृत्यु



**झापा,** फागुन ५/बुद्धशान्ति गाउँपालिका-२ गोपालडाँडाकी २८ वर्षीया माया रम्तेलले पाँच वर्षीया छोरी वर्षालाई शरीरमा बाँधेर आत्मदाह गर्दा छोरीको मृत्यु भएको छ । सो प्रयासमा आमा गम्भीर घाइते भएकी छन् ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक ढुण्डीराज गिरीका अनुसार शुक्रबार राति ८:३० बजेतिर मायाले आफ्नै शरीरमा पेट्रोल खन्याइ आगो लगाएकी थिइन् । घटनामा दुवै जना गम्भीर घाइते भएकाले उपचारका लागि बिएन्डसी अस्पतालमा भर्ना गरिएको थियो । शनिबार बिहान छोरी वर्षाको मृत्यु भएको र आमा मायाको अवस्था चिन्ताजनक रहेको गिरीले जानकारी दिए । मायाको शरीरको अधिकांश भाग आगोले जलेको र घटनास्थल नजिकै उनको,'सुसाइट नोट' फेला परेको उनले बताए । उक्त नोटमा रम्तेलले उनका पति परस्त्रीसँग सम्बन्धमा रहेका कारण बाध्य भई आत्मदाहको निर्णय लिनुपरेको उल्लेख गरेको प्रहरीको भनाइ छ । प्रहरीले ज्याला मजदुरी काम गर्दै आएका मायाका पति राजन विकलाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको गिरीले बताए । पति राजन काममा गएको र घरमा ८१ वर्षीया सासूआमा सुन्तलीमाया खाती मात्र रहेको अवस्थामा मायाले छोरीलाई सलले आफ्नो शरीरमा बाँधेर आत्मदाह गरेकी थिइन् । **-रासस**

# बाल ज्योति प्राविको उन्नतिको यात्रा

## अंग्रेजी माध्यमले चम्काएको विद्यालय

**रामचन्द्र रायमाझी**

**पाल्पा,** फागुन ५/कक्षा पाँचसम्म पढाइ हुने तानसेन नगरपालिका-७ काजीपौवास्थित बाल ज्योति प्राथामिक विद्यालयमा विद्यार्थी न्यून भएपछि अर्को विद्यालयसँग मर्ज गर्ने अवस्थामा पुगेको थियो । २०६९/०७० तिर विद्यार्थी संख्या २० जना थिए । थोरै विद्यार्थी भएपछि शिक्षा कार्यालयले स्कूल मर्च गर्ने बताएको थियो । गाउँलेले सुधार्ने भन्दै समायोजन नगर्न माग राखे । विद्यालयले घरदैलो गरेर अभिभावकको चाहना बुझ्यो अभिभावकले अंग्रेजी माध्यमका बोडिङ स्कूलको भन्दा राम्रो पढाइ हुनुपर्ने माग राखे । विद्यालयले त्यही अनुसार सुधारको काम थाल्यो । संकटमा परेको त्यही विद्यालय अहिले नगरपालिकाकै उत्कृष्ट बन्न सफल भएको छ । अहिले विद्यार्थी संख्या १२० पुगेको छ । जिल्लाका अधिकांश सामुदायिक विद्यालयमा विद्यार्थीको संख्या न्यून छ । नगर तथा गाउँपालिकामा रहेका सामुदायिक विद्यालयमा विद्यार्थीको संख्या कम हुँदा मर्जर वा बन्द हुने अवस्थामा पुगेका छन् । विद्यार्थीभन्दा शिक्षकको संख्या धेरै भएका विद्यालयसमेत भेटिन्छन् । तर, बाल ज्योतिले भने अंग्रेजी माध्यममा पढाई सुरु गरेपछि हरेक वर्ष पढ्न आउने विद्यार्थीको संख्या बढेको हो । धेरैजसो अभिभावक आफ्ना छोराछोरी अंग्रेजीमा चलाख हुन् भन्ने चाहन्छन् । त्यसैले सकेसम्म निजी स्कुल र नसके अंग्रेजी माध्यममा पढाइ हुने सामुदायिक विद्यालयमा पढाउने लहर नै चलेको अवस्थामा यस विद्यालयले









अभिभावकहरुको चाहाना अनुरुप २०७० देखि पूर्ण रुपमा अंग्रेजी माध्यममा पढाई सञ्चालन गर्न थालेपछि उन्नतीको यात्रा सुरु भएको छ । विद्यालयले बाल कक्षादेखि नै अंग्रेजी माध्यम पढाइ सञ्चालन गरिरहेको छ । जसका कारण विद्यालयले उन्नती गर्न सफल भएको हो । विद्यालयको भौतिक संरचना समेत अब्बल रहेका छन् । गेट भित्र छिर्नासाथ विद्यालयको वातारण नै शान्त र सुन्दर रहेको छ । अभिभावकले महंगो नीजि स्कुलबाट सन्तान ल्याएर यसमा भर्ना गरेका छन् । व्यवस्थापन समितिका अध्यक्ष गम्वीरजंग रायमाझी दैनिक विद्यालय आएर विद्यार्थीहरुको पढाइ बारे शिक्षकलाई सोध्ने गर्छन । '२०७६ सालमा म विद्यालय व्यवस्थापन समितिको अध्यक्ष भएर आउँदा विद्यालयको व्यवस्थापनदेखि गुणस्तरी शिक्षामा कटिवद्ध भएर लागेको छु,' अध्यक्ष रायमाझीले भने,'अभिभावक र स्थानीयबीच छलफल डाके, पढाइमा अब्बल बनाउन धेरै मेहनेत गर्‍यौं ।' अंग्रेजी माध्यामबाट पढाइ भएपछि अभिभावकको ध्यान तानिएको उनले बताए । अहिले अंग्रेजीमा बालविकासदेखि कक्षा ५ सम्म नै पढाई हुँदै आएको रायमाझीले बताए । विद्यालयमा स्वच्छ खानेपानी, शौचालय, भूकम्पप्रतिरोधी भवन संरचना रहेका छन् । विद्यालयले विद्यार्थीहरुलाई विद्यालयमै खाजाको व्यवस्था समेत गरेको छ । उसले विद्यार्थीहरुलाई ४ बजेपछि छुट्टै कक्षा समेत दिदै आएको छ । अहिले यस विद्यालयले ऋण काढेरैभएपनि छोराछोरीलाई बोडिङ पढाउनु पर्ने बाध्यताको अन्त्य गरेको छ । गाउँका धेरैले बोडिङ छाडेर यहाँ भर्ना गरेका छन् । स्कुलको शैक्षिक गुणस्तर वृद्धि गर्न विद्यालय व्यवस्थापन समिति, अभिभावक, शिक्षक र गाउँले जागरुक र प्रतिबद्ध भएर लाग्ने गरेका छन् ।

**विद्यालयको ३१ औं वार्षिक उत्सव**

२०४९ मा स्थापना भएको बाल ज्योति प्राविले ३१ औं वार्षिक उत्सव तथा अभिभावक दिवस मनाएको छ । विद्यालयले एक औपचारिक कार्यक्रमको आयोजना गरी बार्षिक उत्सव मनाएको हो । कार्यक्रमको लुम्बिनी प्रदेश सांसद वीर बहादुर रानाले उद्घाटन गरेका हुन् । कार्यक्रमको उद्घाटन गर्दै सांसद रानाले शैक्षिक क्षेत्रमा विद्यालयले पुर्‍याएको योगदान महत्वपूर्ण रहेको बताए । उनले ३१ वर्षे लामो यात्रा तय गर्नु स्कूलका लागि चुनौतिको विषय भए पनि आफुलाई सफल शैक्षिक संस्थाको रुपमा स्थापित गराउन सक्नु नै महत्वपूर्ण रहेको उल्लेख गरे । सांसद सांसद रानाले अबको आवश्यकता व्यवसायिक र प्राविधिक भएकाले त्यसतर्फ ध्यान दिन समेत स्कूललाई आग्रह गरे । उनले कोरा शिक्षाले मात्र अब विश्वसँग प्रतिस्पर्धा गर्न नसकिने भन्दै प्राविधिक र व्यवसायिक शिक्षा उपलब्ध गराउने दिशामा सोच्नुपर्नेमा जोड दिए । कार्यक्रमका तानसेन नगरपालिका-७ का वडा अध्यक्ष प्रदिप खनाल, निवर्तमान वडा अध्यक्ष मुक्तिराम जिसी, विद्यालयका निवर्तमान प्रधानाध्यपक गोविन्द घिमिरे, सिद्धार्थ मल्टि टेक्निकल इन्स्टिटच्युटका प्रमुख हरि प्रसाद कोइराला, तानसेन बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख पुष्करराज रेग्मी,जन प्रिय माविका प्रअ हिरा आर्चाय, काजीपौवा कृषि सहकारी सस्थाका अध्यक्ष महेश शर्मा आर्चाय, स्वयसेविका सावित्री अधिकारी, चन्दा दाता गीरबहादुर बगाले, रोमबहादुर रायमाझी, शिक्षक अभिभावक संघका अध्यक्ष दिपा थापा लगायतले विद्यालयको सफलताको शुभकामना व्यक्त गरेका थिए । कार्यक्रममा विद्यालयका प्राधानाध्यापक बिष्णु बहादुर थापाले विद्यालयको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गम्वीरजंग रायमाझीको अध्यक्षता, शिक्षक कविता बस्यालको स्वागत, तुलसा पछाईको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# बालकुमारी घटनामा मन्त्री ज्वाला नै दोषी

**पाल्पा,** फागुन ५/बालकुमारीस्थित ईपीएस कोरिया शाखा कार्यालय परिसरबाट सिर्जना भएको बालकुमारी घटनामा भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वाला दोषी देखिएका छन् ।

ललितपुरको बालकुमारीमा गत पुस १३ गते प्रहरीको गोली लागेर दुई जनाको मृत्यु भएको घटनाबारे छानबिन गर्न गठित आयोगले मन्त्री ज्वालासहित डिएसपी उमेश लम्साल र पिएसओ बोधराज दुनुवार दोषी रहेको निष्कर्ष निकालेको छ । मन्त्री ज्वालालाई कारबाहीका लागि प्रधानमन्त्रीलाई सिफारिस गर्न सुझाव सहितको प्रतिवेदन आयोगले उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई बुझाएको छ । घटनाको नैतिक जिम्मेवारी लिन र मन्त्री ज्वालालाई सचेत गराउन समेत प्रतिवेदनमा सिफारिस गरिएको छ । भाषा परीक्षामा सहभागी हुनुपर्ने माग गर्दै १३ पुसमा ललितपुरको बालकुमारीस्थित ईपीएस कोरिया शाखा कार्यालय परिसरमा प्रदर्शन भएको थियो । त्यही बेला भौतिक पूर्वाधारमन्त्री ज्वालाको गाडी आएपछि प्रदर्शनकारी उत्तेजित भएर सो घट्ना भएको आयोगको निष्कर्ष रहेको छ । 'मन्त्री गाडी छोडेर हिँडे, तर प्रदर्शनकारीले मन्त्रीको गाडीमा तोडफोड र आगजनी गरेको थिए', आयोगको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

# त्रिबक्या पाल्पाको गरिमा जोगाउन पहल गर्छु : रजिस्ट्रार बस्याल

**कृष्ण पोखरेल**

**पाल्पा,** फागुन ५/त्रिभुवन विश्वविद्यालयका रजिस्ट्रार डा. कृष्णप्रसाद बस्यालले त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाको विगतको इतिहास र गरिमालाई जोगाउन आफुले सक्दो पहल गर्ने बताएका छन् । क्याम्पसले प्रकाशनमा ल्याएको जर्नल -२ पत्रिकाको तानसेनमा लोकार्पण गर्दै उनले क्याम्पसको गरिमा जोगाउन पहल गर्ने बताएका हुन् ।



डा. बस्यालले त्रिभुवन विश्वविद्यालय भन्दा जेठो पाल्पाको त्रिभुवन बहुमुखी क्याम्पस भएकाले राम्रा-राम्रा विषयहरुलाई क्याम्पसमा पठन-पाठन गराएर इतिहास तथा गरिमालाई जोगाउन आफ्नो पहल रहने धारणा व्यक्त गरे । उनले भने 'क्याम्पसको विगतको छविमाथि कुनै पनि कमी हुन नदिन र यसलाई पश्चिम क्षेत्रकै नमुना क्याम्पस बनाउन मेरो पहल रहने छ ।' पाल्पाबाट सिकेको काम कर्तव्य तथा अनुशासन र इमानदारिताका कारण विश्वविद्यालयको रजिष्ट्रार पदसम्म पुग्न सफल भएको उनले बताए । त्रिभुवन विश्वविद्यालयको परीक्षा सुधारको पाटोलाई पहिलो प्राथमिकतामा राखेर काम शुरु गरेको पनि डा. बस्यालले बताए । अनुसन्धान विनाको प्राध्यापनले विश्वविद्यालयमा काम नगर्ने भएकाले विश्वविद्यालयले ग्रेडिङ गरेर अगाडि बढ्नुपर्ने उनको भनाई छ । डा. बस्यालले नीतिगत सहित भौतिक संरचना सुधारदेखी विश्वमा विक्ने शिक्षालाई नै अबका दिनमा विश्वविधालयले प्राथमिकतामा राखेर काम गर्नेमा जोड दिए । कार्यक्रममा पूर्व क्याम्पस प्रमुख चोलेश्वर शर्माले २०४७ सालदेखि २०५९ सालसम्म सहकर्मीका रूपमा काम गरेकोमा त्रिविको रजिस्ट्रारमा पुगेकोमा पाल्पा क्याम्पस परिवार नै खुसी भएको बताए । उनले विश्वविद्यालयको पहिचान कक्षाकोठाको पठन-पाठनका विषयबस्तु मुलक अनुसन्धान जस्ता कार्यसँगै क्याम्पसमा आधारित रहेर पत्रिकाहरू प्रकाशन गरेकोमा क्याम्पस परिवारलाई बधाई दिए । कार्यक्रममा क्याम्पस स्ववियुका सभापति कृष्ण अर्यालले प्राध्यापक तथा कर्मचारीका कमिका कारण क्याम्पसले झेल्नुपरेको समस्याको बारेमा चर्चा गरे । अबका दिनमा सही निती र कार्ययोजनाबाट क्याम्पसमा सुधार आउने विश्वास लिएको स्ववियु सभापति अर्यालले बताए । तानसेन बहुमुखी क्याम्पस पाल्पाका क्याम्पस प्रमुख पुष्करराज रेग्मीले पाल्पाको उच्च शिक्षाका बारेमा त्रिभुवन बहुमुखी क्याम्पसले नेतृत्व गर्नुपर्ने सुझाव दिए ।

**बाँकी अन्तिम पेजमा...**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## बलियो सुशासनमा ध्यान देऊ

**राजनीतिमा सुशासन सर्वाधिक चर्चित शब्दावली हो । शक्तिशाली भनिएकादेखि सामान्य गनिएका सबै देशका सरकारले प्रमुख प्राथमिकता नै सुशासन भएको अभिव्यक्ति दिन्छन् । निर्वाचनको समय प्रत्येक प्रत्यासीबाट देशमा सुशासन कायम गर्दै राष्ट्र निर्माणमा सघाउने अभिलाषालाई एउटै उद्देश्यका रूपमा प्रस्ट्याइन्छ । तर व्यवहारमा कार्यान्वयन भने हुन सकेको देखिदैन । अन्तर्राष्ट्रिय जगतको अनुसन्धानबाट र अभ्यासबाट सुशासनबिना कुनै पनि देशको आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक विकासका लक्ष्यहरू हासिल गर्न सकिँदैन । तर, नेपालमा दिनानुदिन सुशासन हराउँदै गएको छ । नीतिगत भ्रष्टाचार होस् वा ठूलो राजस्व उठ्ने कार्यालयको नै किन नहोस् भ्रष्टाचार व्याप्त छ । नेपालको संविधानले मुख्य रुपमा राखेको आकांक्षाहरू दिगो शान्ति, विकास, समृद्धि र सुशासन भए पनि अवस्था झन्झन् बिकराल बन्दै गइरहेको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूले निकालेको प्रतिवेदनले पनि नेपाल सबै खाले भ्रष्टाचारमा चुर्लुम्म डुबेको औंल्याउनु आफैंमा दु:खद् हो । दिगो शान्ति, विकास र समृद्धि हासिल गर्न सुशासनबिना सम्भव छैन् ।**

**सरकारी निकायले जनतामा दिएको सेवाको प्रभावकारिता देखिँदैन । नापी, मालपोत, यातायात, राहदानी विभागजस्ता जनताको प्रत्यक्ष सरोकार भएको कार्यालयहरूमा सेवा लिनै सास्ती छ । सेवा दिन प्रविधिमैत्री विधि अपनाए पनि सेवा प्रभावकारी बन्न सकेको छैन । कानुनमा जे-जस्तो लेखिएको भए पनि व्यवहारमा लागू भएको देखिँदैन । राजनीतिक दलहरूले नै सुशासनलाई बत्ती बालेर खोज्नुपर्ने अवस्थामा पुर्‍याएका छन् । यो आफैंमा खेदजनक कार्य हो । यदि, लोकतान्त्रिक शासन व्यवस्थालाई सबल बनाउने हो भने शासकहरूले पहिलो प्राथमिकता सुशासनमा नै दिनु पर्छ । लोकतन्त्रको बलियो आधार भनेकै सुशासन हो । मुलुकमा सुशासन कायम रहे मात्र लोकतन्त्र बलियो हुने र संघीयता कार्यान्वयन हुने हो । तसर्थ, तीनै तहका सरकारले संघीयताको सफल कार्यान्वयन, मुलुकको समग्र विकास र आमनागरिकको सेवालाई प्रत्याभूत गर्न सुशासनलाई बलियो बनाउने दिशामा सोच्न जरुरी छ ।**

## Opinion @ Social Network

मन खुशी नहोला तर मुहारमा हासो भने सधैं रहने छ किनकि जिबनको भोगाइ जे जस्तो भएपनि अरुको हेराई सधैं आहा हुनुपर्छ ।

*(अमर सिंको फेसबुक स्टाटसबाट www.facebook.com//gulmileamar.raj)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सबल अर्थतन्त्र निर्माणका लागि कृषिमा रुपान्तरण



**मदन अधिकारी**

***नेपालको उत्पादन भन्नेबित्तिकै नाक खुम्च्याउने र विदेशी उत्पादन देख्नेवित्तिकै हात लम्काउने हाम्रो प्रवृत्ति पनि उतिकै जिम्मेवार छ । यस्तै खेतियोग्य जमिन बाँझै रहने र युवा शक्ति विदेश पलायन हुनु प्रमुख कारक हुन् ।***

नेपालको अर्थतन्त्रलाई गतिशील बनाई दिगो र फराकिलो आर्थिक वृद्धि सहितको सबल अर्थतन्त्र निर्माणमा कृषि क्षेत्रको रुपान्तरण अपरिहार्य छ । प्रत्येक बर्षको बजेटमा कृषि रुपान्तरणको नारा अगाडि सार्ने तर कार्यान्वयनमा सिन्को नभाँच्ने परिपाटीका कारण कृषि क्षेत्र हिजो जस्तो दयनीय अवस्थामा थियो आज पनि त्यस्तै अवस्थामा छ । कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि कृषि क्षेत्रको आधुनिकिकरण, व्यावसायीकरण, कृषि उपजहरुको भण्डारण तथा बजारीकरणमा यथेष्ट ध्यान पुर्याउन नसक्दा यस क्षेत्रबाट प्राप्त गर्न सकिने लाभ लिन नसकिएको स्पष्ट छ ।

सरकारले बजेट मार्फत सार्वजनिक गरेको 'उत्पादन साथमा, अनुदान हातमा' भन्ने नारा जति श्रवणप्रिय छ कार्यान्वयन त्यति नै फितलो छ । बीउ खरिद, रासायनिक मल, बिमा र यान्त्रीकरणमा दिइँदै आएको अनुदान बाहेकका सबै कृषि अनुदानलाई उत्पादनमा आधारित बनाउन श्रावण मसान्त भित्रमा मापदण्ड तथा कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने कुरा उल्लेख भएता पनि सो दिशामा सरकारले नतिजामुखी काम गरेको देखिदैन । बजेटमा उल्लेख भएको 'रैथानेमा गर्व गरौं' भन्ने नारा पनि कम कर्णप्रिय पक्कै छैन । प्राकृतिक तथा पोषणयुक्त रैथाने बालीको बिऊ संरक्षण गरी खेति विस्तार गर्ने लक्ष्यका साथ तय गरिएको उक्त नारा भन्दा हाम्रो बानीव्यवहार ठिक उल्टो छ । नेपालको उत्पादन भन्नेबित्तिकै नाक खुम्च्याउने र विदेशी उत्पादन देख्नेवित्तिकै हात लम्काउने हाम्रो प्रवृत्ति पनि उतिकै जिम्मेवार छ । यस्तै खेतियोग्य जमिन बाँझै रहने र युवा शक्ति विदेश पलायन हुनु प्रमुख कारक हुन् । विप्रेणबाट प्राप्त हुने आयमा निर्भरता बढ्दा कृषि उत्पादनको योगदान घट्दै गइरहेको छ । एकातर्फ स्वदेशमा नै कृषि उपजको उत्पादन नहुदा यसको आयात बढेको छ भने अर्कोतर्फ विप्रेषणबाट प्राप्त हुने आयको अधिकांश हिस्सा उपभोग्य वस्तुको आयातमा हुने खर्चका रुपमा विदेश तिरै सोझिरहेको छ । गुणस्तरीय बिउ बिजनमा आत्मनिर्भर बनाउने लक्ष्यका साथ अगाडि बढेको मुलुकलाई यथेष्ठ बिउ उपलब्ध नभएका विभिन्न छापाहरुका हेडलाइनहरुले गिज्याइरहेको अनुभव हुन्छ । गुणस्तरिय बिउ बिजनको जातीय अनुसन्धानको अवस्था दयनीय छ । एकातिर उपलब्ध श्रोत, साधन तथा जनशक्तिको अभावमा कृषि अनुसन्धान परिषद सुस्ताइरहेको छ भने अर्कोतर्फ निजी क्षेत्रको सहभागिता न्युन रहँदै आएको छ ।

आय आर्जन रोजगारी तथा जीविकोपार्जनको दृष्टिले राष्ट्रिय अर्थतन्त्रको मेरुदण्ड कृषि क्षेत्रमा संलग्न जनसंख्या र कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान घट्दै गएको छ । अर्थ मन्त्रालयबाट प्रकाशित आर्थिक सर्वेक्षण २०७९/८० मा उल्लेखित तथ्यांकको आधारमा सन् २०१८ मा भएको श्रमशक्ति सर्वेक्षणमा कृषि क्षेत्रमा संलग्न रहेका जनसंख्या ६०.४ प्रतिशतबाट घटेर सन् २०२१ मा ५०.४ प्रतिशत पुगेको छ । आव २०७०/७१ मा कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३०.३ आव २०७९/८० मा २४.१ प्रतिशतमा झरेको छ । लागत सुरक्षाको अभाव तथा उत्पादन लागतको आधारमा कृषि उपजको उचित बजारमूल्य नपाउँदा खेति किसानी गर्नुभन्दा खाडीको गर्मीमा काम गर्न रुचाउने जमात बढदै गइरहेकाले कृषिप्रतिको आकर्षण घट्दो छ । आ.व २०७९/८० मा सिंचाइ सुविधाको विस्तारमा सुस्तता देखिएको छ । आर्थिक सर्वेक्षण २०७९/८० का अनुसार २०७९ को फागुन मसान्तसम्ममा जम्मा सिँचित जग्गा १५ लाख ३३ हजार २ सय ६९ पुगेको थियो जुन नेपालको कुल सिचाँइयोग्य जमिनको ८७ प्रतिशत र कुल खेतियोग्य जमिनको ५८ प्रतिशत हो । राष्ट्रिय गौरबका सिँचाइ आयोजनाहरु (सिक्टा, रानी जमरा कुलेरिया, भेरी बबई डाइभर्सन, सुनकोशी मरिन डाइर्भसन, बबई) समयमा नै निर्माण सम्पन्न नहुँदा कृषियोग्य जमिनमा सिँचाइ पुग्न नसक्दा उपलब्धि हासिल गर्न सकिएको छैन । १५ औं योजनाले तय गरेको उत्पादन र उत्पादकत्व अभिवृद्धिको दीर्घकालिन राष्ट्रिय रणनीतिले कतिको फड्को मार्यो त्यो पनि समीक्षा गर्न जरुरी छ ।

अघिल्लो योजनामा वैज्ञानिक, व्यावसायिक, बजार र उपभोक्तामुखी कृषि प्रणालीको विकास मार्फत कृषि क्षेत्रलाई प्रतिस्पर्धी, दिगो आत्मनिर्भर र निर्यातमुखी बनाउने लक्ष्य राखे तापनि कृषि उपजहरुमा थप परनिर्भर र आयातमुखी भैरहेको छ । राष्ट्रिय योजना आयोगबाट श्रावणमा स्वीकृत नेपालको सोह्रौं योजना (आ.ब. २०८१/८२-२०८५/८६) को अवधारणापत्रले न्यून उत्पादन तथा उत्पादकत्व, बढ्दो उत्पादन लागत, कमजोर प्रतिशपर्धी क्षमता,लागतको तुलनामा न्युन प्रतिफलयुक्त कृषि उपज, कृषि प्रतिको बढ्दो विर्कषण तथा आधारभुत खाद्य पदार्थमा परनिर्भरतालाई कृषि क्षेत्रको विकासमा देखिएका मूलभूत चुनौतीको रुपमा चित्रण गरेको छ । प्राथमिक क्षेत्रको सबलीकरणलाई रणनीतिका रुपमा अगाडि सारेको योजनाले कृषि रुपान्तरणका लागि के कस्ता कार्यक्रमहरु समावेश गर्छ, हेर्न बाँकी छ । यसै वर्षको पुसको तेश्रो साता कृषि तथा पशुपन्छी मन्त्रालयले सार्वजनिक गरेको धानबालीको उत्पादन अनुमान सम्बन्धी प्रेस विज्ञप्तीले नेपालमा चालु आ.ब २०८०/८१ मा धानको उत्पादनमा वृद्धि भई ५७ लाख २४ हजार २ सय ३४ मेट्रिक टन पुगेको देखाएको छ । यसैगरी धानको उत्पादकत्वमा वृद्धि भई ३.९८ मेट्रिक टन प्रति हेक्टर पुगेको छ । प्रदेश स्तरमा धानको उत्पादकत्व तुलना गर्दा सर्वाधिक बढी कोशीमा ४.४३ मेट्रिक टन प्रतिहेक्टर रहँदा सबैभन्दा न्युन कर्णाली प्रदेशमा ३.४६ मेट्रिक टन प्रतिहेक्टर रहेको छ । नेपालको अन्न भण्डारका रुपमा हेरिएको मधेश प्रदेशमा भने उत्पादकत्व न्युन (३.४९ मेट्रिक टन प्रति हेक्टर) छ । उत्पादन वृद्धि हुनमा उन्नत बिउको उपलब्धता, किराको प्रकोपमा कमी, बाढी तथा पहिरोबाट धानबालीमा न्युन क्षती, मलखादको उपलब्धता, कृषि औजार र प्रविधिको प्रयोग र मौसम अनुकुलता रहेको मन्त्रालयको दाबी छ । यद्यपि, धान बालीमा भएको यस्तो वार्षिक वृद्धिले मात्र फराकिलो आर्थिक वृद्धिको लक्ष्य प्राप्त हुन सक्ने अवस्था देखिदैन । एकातिर सरकार तथा अन्य दातृ निकायको ध्यान मुख्य गरी धानबालीको उत्पादनमा केन्द्रित भैरहँदा अर्कोतर्फ धान सहितका तुलनात्मक लाभ बढी हुने अन्य कृषि खाद्यान्नमा नेपालले लगानी बढाउनु पर्ने कोणबाट पनि कृषिविज्ञहरुले बहस थालेका छन् ।

यस्ता नयाँ बहसमा भियतनामले कफी उत्पादनबाट प्राप्त आर्थिक लाभलाई उदाहरणको रुपमा लिने गरिएको छ । मानिसको आयमा वृद्धि भएसँगै पोषण विविधीकरणमा पनि प्रभाव पर्ने विभिन्न तथ्यहरुले देखाएको सन्दर्भमा, नेपालमा पनि खाद्यान्न विविधीकरणले चामलको खपत कम हुन सक्ने अनुमान लगाउन सकिन्छ । त्यसैले धान लगायत अन्य बाली विविधीकरणमा सरकारको ध्यान जानुपर्ने देखिन्छ । छिमेकी मुलुक भारतले धान, गहुँ, उखु, जौ, मास, मकै मुद्र, भटमास, बदाम, कपास, चना, तोरी, जुट लगायतका ३० भन्दा बढी कृषि उपजहरुको न्युनतम समर्थन मूल्य तोक्दै आएको छ । नेपालमा भने दूध, धान, गहुँ र उखुको मात्र न्युनतम समर्थन मूल्य तोकिन्छ । तसर्थ नेपालमा पनि सम्भव भएसम्म कृषि उत्पादनहरुको न्युनतम समर्थन मूल्य कायम गर्दा कृषकहरुले लागत मूल्य प्राप्त गर्न सक्ने र कृषिमा लाग्न थप प्रोत्साहन मिल्नेछ । यसका अलावा भारतमा कृषि क्षेत्रमा संलग्न कृषकहरुले ठूलो मात्रामा अनुदान प्राप्त गर्ने भएकाले उत्पादित कृषि उपजहरुको लागत मूल्य कम रहन्छ । नेपालको सन्दर्भमा यस्ता अनुदानहरुको उपलब्धता न्यून भएकाले कृषि उत्पादनको लागत मूल्य धेरै हुन जान्छ । यस्तो अवस्थामा अन्तर्राष्ट्रिय बजार त परको कुरा हाम्रै आफ्नै बजारमा पनि नेपाली उत्पादनहरुले प्रतिस्पर्धा गर्न सक्ने देखिदैन । तसर्थ कृषि उपजको निर्यात गर्ने रुमानी उडान छाडेर नेपालका रैथाने बालीहरुको उत्पादन तथा उत्पादकत्व बढाएर लागत मूल्य घटाउँदै, त्यसलाई पर्यटनसँग जोड्न सके लिन सकिने लाभको दायरा फराकिलो हुन सक्छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको तथ्यांकका आधारमा आ व २०७९/८० मा आयात हुने मुख्य २० उपजहरुमा धान (चामल) नवौं स्थानमा पर्दछ भने खाने तेल १९ औं स्थानमा छ । यी दुई कृषि उपजमा मात्र स्वउत्पादन पर्याप्त हुँदा वार्षिक ५६ अर्ब रुपैयाँ सञ्चित हुने देखिन्छ । यसरी नै अन्य प्रचुर सम्भावना बोकेका कृषि उपजहरु मकैं, गहुँ, कोदो आवश्यक मात्रामा उत्पादन गर्न सके कृषि आयातका नाममा बाहिरिने ठूलो रकम सञ्चित हुन सक्छ ।

एकातिर कृषि उत्पादनसँगै रोजगारीमा बृद्धि भई आयस्तर बढ्न सक्छ भने अर्कोतर्फ सञ्चित रकमलाई अन्य प्राथमिकताका क्षेत्र जस्तै पूर्वाधार निर्माणमा लगाउन सकिन्छ । जसका कारण अर्थतन्त्र सबलीकरणमा टेवा पुग्न सक्छ । पछिल्ला वर्षहरुको कृषि, गैर कृषि तथा कुल गार्हस्थ उत्पादनको वृद्धिदर हेर्दा कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादन गैर कृषि क्षेत्र तथा समग्र अर्थतन्त्रको तुलनामा बढी सन्तुलित देखिन्छ । कोभिड महामारीको समयमा सारा विश्व हायलकायल भैरहँदा पनि कृषि क्षेत्रका क्रियाकलापहरु निरन्तर सञ्चालनमा रहेकाले न्युन प्रभाव परेको यथार्थ हाम्रा अगाडि प्रष्टै छ । तसर्थ प्रतिकूल परिस्थितिमा पनि सन्तुलित वृद्धिको सुनिस्चितता भएको कृषि क्षेत्रका विद्यमान समस्या समाधानका लागि आवश्यक कानुन तथा नीति नियममा समायानुकुल परिमार्जन आवश्यक छ । जग्गा जमिनको किनबेचबाट प्राप्त हुने राजस्वको पछाडि नलागी खेतियोग्य जमिनको खण्डीकरणलाई निरुत्साहित गर्न यथासक्य चाँडो कानुन तथा नीति नियम परिमार्जन गर्नुपर्छ । यसो गरे कृषि जमिनलाई प्लटिङ्ग व्यवसायमा रुपान्तरण हुनबाट जोगाउन सकिन्छ । यसका साथै जमिनको चक्लाबन्दीलाई प्रोत्साहन, करार तथा व्यवसायिक खेती, सहकारी खेती र सामूहिक खेतिको अभ्यासलाई ध्रुत गतिमा कार्यान्वयन गर्न अत्यावश्यक छ । समग्रमा, नेपालको अर्थतन्त्रमा उल्लेख्य वृद्धि हासिल गर्न कृषि क्षेत्रलाई उच्च प्राथमिकतामा राख्नुपर्छ । सवल अर्थतन्त्र निर्माणमा लाग्ने हो भने स्वदेशमै उत्पादित वस्तु तथा सेवाको उपभोगमा वृद्धि गर्दै आयातित वस्तु तथा सेवाको परनिर्भरता घटाउँदै लैजान आवश्यक छ । जसका लागि सुरुवात कृषि उपजहरुको उत्पादकत्व वृद्धि गरी आयात कटौतीबाट गर्न उपयुक्त हुन्छ । जसका लागि कृषि क्षेत्रमा पर्याप्त लगानी गरी कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण, कृषि उपजहरुको भण्डारण तथा बजारीकरणमा आमुल परिवर्तन सहितको कृषि रुपान्तरण गर्न जरुरी छ । **-अनलाइन खबर डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : प्रेममा बाधाका रहला । घर परिवारमा झैझमेलाको अवस्था आउला ।

**वृष** : आज कुनै कुराले मनमा प्रसन्नता छाउनेछ । शुभकार्यको चर्चा चल्नेछ ।

**मिथुन** : आज रोकिएको अधुरो कार्यले पूर्णता पाउनेछ ।

**कर्कट** : अरुलाई प्रभावित पारेर काम बन्नेछ । पठनपाठनमा प्रगति हुनेछ ।

**सिंह** : आज श्रमको उचित मूल्याङ्कन हुनेछ । मनमा हर्ष र उत्साह छाउनेछ ।

**कन्या** : आज इनाम कमाउने बेला छ । परिवारमा सुख सन्तोष छाउनेछ ।

**तुला** : आज राज्यबाट मान सम्मान पाइनेछ । कुटुम्बको सहयोग मिल्नेछ ।

**वृश्चिक** : आज पारिवारिक सद्भाव बढ्नेछ । ताकेको कार्य पुरा होला ।

**धनु** : मन खिन्न हुने स्थिति आउने छ । कार्य सम्पादनमा सहजता नमिल्ला

**मकर** : शुभारम्भको चर्चा चल्नेछ । इच्छा र आकाङ्क्षा पूर्ण हुनेछ ।

**कुम्भ** : माया प्रेममा सामीप्यता बढेर जानेछ शुभ समाचार सुन्न पाईएला ।

**मीन** : आज विशिष्ट व्यक्तिको भेटघाटले मन प्रसन्न हुनेछ ।

# कृषि

## चुलाचुलीका किसान तरुल खेतीतर्फ आकर्षित

पछिल्लो समय इलाम चुलाचुलीका किसान सिमल तरुल खेतीतर्फ आकर्षित भएका छन् । धान, मकै तथा कोदोलगायत अन्नबाली उब्जनी हुने खेतीयोग्य जमिनमा किसानले तरुल खेती गरेर मनग्य आम्दानी समेत लिन थालेका हुन् ।



अन्य बालीभन्दा सिमल खेती गर्न सजिलो र आम्दानीसमेत बढी हुने भएकाले त्यसतर्फ किसानको आकर्षण बढेको चुलाचुली गाउँपालिका-५ का किसान मतिराज राईले जानकारी दिए । 'सिमल खेती गर्न अन्य खेतीभन्दा सजिलो र बढी मेहनत गर्नुनपर्ने भएकाले यसको खेतीतर्फ किसानको आकर्षण बढेको हो', उनले भने थोरै लगानीबाट नै राम्रो आम्दानी लिन सकिने भएकाले यहाँको किसानको रोजाइमा सिमल खेती परेको हो । यहाँका किसानले एकल तथा सामूहिकरुपमा व्यावसायिक सिमल खेती गर्दै आएका छन् । घरमा खाजाका लागि रोपण हुँदै आएको सिमल तरुलको माग पछिल्ला दिनमा बजारमा बढेसँगै व्यावसायिक खेती विस्तार हुन थालेको चुलाचुली-४ का किसान धनबहादुर योगीले बताए । 'पहिले पहिले सिमल घरमा खाजा खानका लागि मात्र रोप्ने गरिन्थ्यो, तर पछिल्लो समय बजारमा माग बढेपछि अन्य खेती मासेर व्यावसायिक रूपमा नै यसको खेती गर्न थालेका छौं', उनले भने उन्नाइस बिघा १३ दशमलव ६ कठ्ठा क्षेत्रमा व्यावसायिक सिमल खेती हुँदै आएको चुलाचुली गाउँपालिकाको तथ्याङ्क छ । यहाँका धेरै किसानले करेसाबारीमा सिमल खेती लगाएका छन् । यहाँ उत्पादित सिमल तरुल निर्यातका लागि बजारको कुनै समस्या छैन । सिमल तरुल किन्न स्थानीय व्यापारी किसानको बारीमा नै पुग्ने गरेका छन् । व्यावसायिक उत्पादन बढेसँगै सिमल तरुल खरिद गर्न चुलाचुली आउने स्थानीय व्यापारीको सङ्ख्यासमेत बढ्दै गएको योगीले बताए । तरुल बजार निर्यातका लागि स्थानीय व्यापारीबाट संकलन हुने गरेको छ ।

संकलन भएको तरुल व्यापारीमार्फत दैनिक रुपमा झापाको दमक, बिर्तामोड, मोरङको उर्लाबारी, सुनसरीको इटहरी र धरानसम्मका बजार पुग्ने गरेको छ । सिमल तरुलको खरिदबिक्री पुस, माघ र फागुनमा बढी हुन्छ बजारमा यसको माग बढ्दै गएपछि किसानको मुख्य आम्दानीको स्रोतसमेत बन्न थालेको छ । सुगर, प्रेसरलगायत दीर्घरोगीले समेत खान मिल्ने सिमल तरुल किसानको बारीबाट प्रतिकिलो रु ३० देखि ४० मा बिक्री हुँदै आएको छ । तरुल प्राय : बोक्रा तासेर उसिनेपछि खाने गरिन्छ यसलाई सुकाएर पीठो बनाई रोटी खाने पनि चलन छ । आदिवासी जनजाति समुदायले भने स्थानीय रक्सी उत्पादन गरी बिक्रीसमेत गर्दै आएका छन् । तरुल खेती प्रवर्द्धन गर्न चुलाचुली गाउँपालिकाले किसानलाई अनुदान दिँदै आएको छ । चुलाचुलीले गत आर्थिक वर्ष तरुलको व्यावसायिक खेती गर्ने ३८ जना किसानलाई रु १२ लाख २४ हजार दुई सय ९३ अनुदान दिएको थियो ।

चुरेको फेदीमा रहेको चुलाचुली गाउँपालिकामा तरुल खेतीका लागि उपयुक्त रहेको कृषि विज्ञ टोलीको निष्कर्षपछि चुलाचुली गाउँपालिकाले यस खेतीलाई प्रवर्द्धन गर्न थालेको गाउँपालिका अध्यक्ष राजेन्द्र केरुले बताए । 'उपभोक्ता र बजार बढेसँगै पछिल्लो समय सिमल तरुल खेती गर्ने किसानको सङ्ख्या बढ्दो छ', उनले भने, 'फलफूल उत्पादनको प्रथम सूचीमा राखेर सिमल तरुल खेती विस्तार गर्ने योजनामा छौं' यस वर्ष चुलाचुली गाउँपालिकाले तरुल खेतीलाई व्यावसायिक बनाउन पीठो उत्पादन गर्ने उद्योग स्थापना गर्ने तयारीमा रहेको अध्यक्ष केरुङले जानकारी दिए । चुलाचुली-२ मा रु ६० लाखको लागतमा पीठो उत्पादन गर्ने उद्योग स्थापना गर्न लागेको उनले बताए । इलामको १० स्थानीय तहमध्ये चुलाचुली र माङसेबुङ गाउँपालिका एवं माई नगरपालिकाको तल्लो क्षेत्रमा व्यावसायिक तरुल खेती हुँदै आएको छ । **-रासस**

## लहानका किसान रतन साहले फलाए रङ्गीन काउली



सिरहाको लहान नगरपालिका–२४ का किसान रतन साहले विभिन्न रङ्ग र फरक स्वादका काउली फलाउन सफल भएका छन् । उनले उत्पादन गरेको गुलाबी र पहेँलो रङ्गका आकर्षक उक्त काउली हेर्न अहिले घुइँचो नै लाग्न थालेको छ ।

उनले भने,'सात वर्षपहिले वैदेशिक रोजगारीमा हुँदा इन्टरनेटमा यस्तो काउली देखेकाले थिएँ । स्वदेश फर्किएपछि भारतबाट काउलीको बीउ झिकाए । परीक्षणका लागि पाँच धुर जग्गामा लगाए । राम्रो उत्पादन भयो । बजार राम्रो पाएकाले आगामी दिनमा पाँच कठ्ठामा तरकारी खेती विस्तार गर्ने सोचमा छु ।' उनले एक किलोसम्मको काउली फलाएका थिए र। 'यसको रङ्ग र स्वाद फरक भएकाले बजारमा पुऱ्याउनसाथ बिक्री हुन्छ । यो जातको काउलीको बीउको मूल्य अन्य जातको भन्दा करिब पाँच गुणा बढी पर्दछ,' किसान साहले भने, 'आगामी दिनमा अझै धेरै यस्तै काउली उत्पादन गर्ने विचारमा छु ।' उनले १६ किलो उक्त काउली प्रतिकिलो दुई सय दरले बिक्री गरेको बताए । खेतमा रङ्गीन काउली अवलोकन गर्न आउनेको घुइँचो लागेको उनले जानकारी दिए । 'सबैतिर यस काउलीको चर्चा चलेकाले वास्तवमा कस्तो रहेछ भनेर अवलोकनका लागि आएको हुँ । अहिले हेरिसकेपछि मनै आनन्दित भयो ।' प्रधानाध्यापक कुशेश्वर यादवले भने ।**-रासस**

## चैतेधानको खेती कसरी गर्ने ?

हामीकहाँ धानलाई मुख्य अन्न बालीका रूपमा लिइन्छ । नेपालको कुल खेतीयोग्य जग्गाको १५.६ लाख हेक्टरमा धानखेती गरिन्छ । हामीकहाँ धानको राष्ट्रिय औसत उत्पादन ३.८ टन प्रतिहेक्टर रहेको छ । नेपालमा लगभग ५० अर्ब रुपैयाँ जतिको चामल भारतबाट बर्सेनि आयात गरिन्छ ।



साना तथा सीमान्त कृषकहरू खेतीलाई परापूर्वकाल आफ्नो मुख्य पेसाको गर्दै आइरहेका छन् ।

**माटोको किसिम** : धानखेतीका लागि खासगरी चिम्टाइलो र दोमट माटो उत्तम मानिन्छ । धान बालीलाई चारदेखि ७.५ पीएचसम्म भएको माटोमा लगाउन सकिन्छ ।

**जग्गाको तयारी :** साधारणतया एकपटक माटो पल्टाउने हलोले र दुई-तीनपटक देशी हलोले वा ट्र्याक्टरको सहायताबाट खेत जोती जग्गा तयार गर्न सकिन्छ ।

**बिउको मात्रा :** ४५ केजी प्रतिहेक्टर ।

**ब्याड व्यवस्थापन :** चैतेधानको ब्याड धुले वा हिले दुवै किसिमले राख्न सकिन्छ । ब्याडलाई रोगकिरा र झारपातरहित गर्न ३०० गेजको प्लास्टिकले एक हप्तासम्म बिउ राख्नुभन्दा अगाडि छोप्दा रोगकिरा र झारपातहरूलाई नियन्त्रण गर्न सकिन्छ । ब्याड माघको अन्तिम वा फाल्गुनको दोस्रो हप्तासम्म राख्दा उपयुक्त हुन्छ ।

**चैते धानका प्रमुख जातहरू** : चैत-२, चैते-६, चैते-४, चैते-५, घैया-१, हर्दिनाथ-१, हर्दिनाथ-५, सिएच-४५ ।

**बेर्नाको उमेर र दूरी** : यसलाई २० दिनको बेर्ना रोप्दा उपयुक्त हुन्छ तर केही कारणवश रोप्न सकिएन भने २५ दिनसम्मको बेर्ना रोप्दा पनि सन्तोषजनक उत्पादन लिन सकिन्छ । बोटदेखि बोटको दूरी १५ सेन्टिमिटर र हारदेखि हारको दूरी २० सेन्टिमिटरमा रोप्दा उपयुक्त हुन्छ ।

**मलखादको मात्रा :** माटोको उर्वरा शक्तिलाई ध्यानमा राखी कम्तीमा १० टन प्रतिहेक्टर कम्पोस्ट मल र ८० केजी नाइट्रोजन, ३० केजी फस्फोरस र ३० केजी पोटासप्रतिहेक्टरको दरले प्रयोग गर्नुपर्दछ ।

**सिँचाइ :** सिँचाइ गर्दा अन्तरालमा दिने र सकाउने गर्नु उपयुक्त हुन्छ । यसरी ४० प्रतिशत सिँचाइमा बचत गर्न सकिन्छ ।

**झारपात नियन्त्रण :** धान रोपेको २-३ दिनभित्र दुई मिलि बुटाक्लोर प्रतिलिटर पानीमा मिसाएर प्रयोग गर्ने र रोपेको ३० दिनपछि एकपटक हातले गोडमेल गर्दा झारपात नियन्त्रण राम्रो हुन्छ । यदि रोपेको २-३ दिनभित्र बुटाक्लोर छर्न सकिएन भने नुमनिगोल्ड १-२ लिटर प्रतिहेक्टरका दरले रोपेको २५ दिनपछि छर्दा पनि झारपात नियन्त्रण गर्न सकिन्छ ।

**रोगकिरा नियन्त्रण कसरी गर्ने ?**
रोगकिरा अवरोधक जातहरू लगाउने । रोगकिरा लागेमा एकीकृत रोगकिरा व्यवस्थापन गर्नुपर्दछ । फट्याङ्ग्राका लागि मालाथियान धुलो २० किलोग्रामका दरले धानको पातमा एकनाशले पर्नेगरी छर्ने । पतेरोका लागि बिहान मालाथियान धुलो २० केजीका दरले धानको पातमा एकनाशले पर्ने गरी छर्ने । मेटासिस्टाक्स १.५ मिलिका दरले प्रतिलिटर पानीमा मिसाएर छर्ने । खैरो फड्केका लागि बिपभिन बिसादी १.५-२ मिलिका दरले प्रतिलिटर पानीमा मिसाएर छर्ने । पात बेरुवाका लागि मेटासिस्टाक्स १.५ मिलिका दरले प्रतिलिटर पानीमा मिसाएर छर्ने वा अरु कुनै सिस्टेमिक विषादीको प्रयोग गर्ने ।

**डढुवा रोगमा के गर्ने ?**
- नाइट्रोजनयुक्त मलखादको कम प्रयोग गर्ने ।
- रोग लागेको खेतबाट सिँचाइ नगर्ने ।
- २० ग्राम गोबबर मल प्रतिलिटर पानीमा मिसाएर छर्ने ।
- एग्रिमाइसिन विषादी एकदेखि दुई ग्रामप्रति लिटर पानीमा मिसाएर छर्ने ।

**मरुवारोगमा के गर्ने ?**
- हिले ब्याड राख्न लगाउने ।
- बिउ बेभिस्टिन नामक विषादीले उपचार गर्ने ।
- रोग देखापरेमा हिनोसान १ मिलि प्रतिलिटर पानीमा मिसाएर छर्ने ।

**बाली काट्ने :** धानको दानाको चिस्यान १८-२० प्रतिशत भएपछि बाली काट्नुपर्छ ।

**भण्डारण** : तीन-चार दिन घाममा सुकाएर दानाको चिस्यान १३ प्रतिशतमा भण्डारण गर्दा चामल राम्रो पर्नुको साथै रोगकिराबाट पनि बचाउन सकिन्छ ।

**-रातोपाटी डटकम**

## चिराइतोको बजार मुल्य बढ्दो, उत्पादन घट्दो

पछिल्लो समयमा चिराइतोको बजार मूल्य क्रमिक रुपमा बढ्दै गएको छ । तर उत्पादन भने घट्दै गएको छ । कोभिडको समयमा नाका बन्दको समय चिराइतो निकासी हुन सकेन । किसानले लगाएको चिराइतोको मूल्य समेत पाउँन मुस्किल भएपछि किसानले खेती गर्न छोडेका थिए । तर अहिले बजार मूल्य बढ्दै गएको छ, तर उत्पादन भने विगतको तुलनामा घट्दै गएको छ ।

फक्ताङलुङ गाउँपालिका-४ सुङसाबुका अमर लिम्बूले विगतमा ३५ मनसम्म चिराइतो उत्पादन गरेका थिए । उनले चिराइतो भरियामार्फत ढुवानी गरेर बिक्रीका लागि ओलाङचुङगोलासम्म पुऱ्याउने गर्थे । ओलाङचुङगोला नजिकै रहेको टिप्ताला नाका हुँदै चिराइतो चीनमा निर्यात हुन्थ्यो । तेह्रथुम, पाँचथर, इलाम र ताप्लेजुङमा उत्पादन हुने चिराइतो ओलाङचुङगोला हुँदै चीनमा निर्यात हुने गरेको थियो । तर कोभिड-१९ का कारणले टिप्ताला नाका बन्द भएसँगै अहिलेसम्म नाका खुलेको छैन । नाका बन्द हुँदा किसानले उत्पादन गरेको चिराइतो लामो समय बजार पाउन सकेन । उनले प्रति मन रु ३६ हजारमा गाउँमा नै व्यापारी आएर खरिद गरेको बताए । उनले भने, 'अहिले गाउँमा चिराइतो खेती गर्न छोडी सक्यो । लामो समय बजार मूल्य बढ्न नसकेको कारणले चिराइतो खेती गर्न छोडेर केही वैदेशिक रोजगारीमा गइसकेका छन् । हामी थोरैले मात्र यसो औषधीका लागि खेती गर्दै आएका छौं ।' उनका अनुसार सुङसाबु गाउँमा विगतमा एक सय मनभन्दा बढी चिराइतो उत्पादन हुन्थ्यो । तर यस वर्ष भने ४५ मनको हाराहारीमा चिराइतो उत्पादान भएको छ । फुङलिङ नगरपालिका-१० टेकमान भट्टराईले यस वर्ष अहिलेसम्मकै उच्च मूल्यमा चिराइतो बेचेर मनग्य आर्जन गरे । कोभिड महामारीका बेला ६० रोपनी जग्गामा सात किलो चिराइतो छरेका उनले प्रतिकेजी रु एक हजार एक सय २५ का दरले सात क्विन्टल चिराइतो घरबाटै बिक्री गरे । चिराइतो बिक्रीबाट किसान भट्टराईले मनग्य आम्दानी गरे । ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका-७ का चिराइतो खरिद बिक्री गर्दै आएको चिराइतो व्यापारी टाँसी शेर्पाले यस वर्ष ५० मन चिराइतो संकलन गरेर झापाको विर्तामोडमा लगेर बिक्री गरेका थिए । उनका अनुसार अहिले ताप्लेजुङमा प्रतिमन रु ४५ हजारमा खरिद बिक्री हुँदै आएको छ । गाउँमा उत्पादित चिराइतो बजारसम्म लैजान डिभिजन वन कार्यालयमा प्रतिकिलो रु १५ राजस्व बुझाउनुपर्छ । चालु आर्थिक वर्षमा ताप्लेजुङबाट पाँच हजार आठ सय २० केजी चिराइतो निकासी भएको डिभिजन वन कार्यालय ताप्लेजुङले जनाएको छ । सो बापत रु ८७ हजार तीन सय राजस्व संकलन भएको छ । गत वर्ष पाँच हजार आठ सय केजी ताप्लेजुङ चिराइतो उत्पादन भएको थियो भने चिराइतोबाट ८७ हजार राजस्व संकलन भएको डिभिजन वन कार्यालय ताप्लेजुङको तथ्याङ्क छ । वन कार्यालयको तथ्याङ्कअनुसार ताप्लेजुङमा आव २०७७/०७८ मा १६ हजार तीन सय केजी चिराइतो संकलन भएको र यसबाट रु दुई लाख ४४ हजार पाँच सय राजस्व संकलन भएको थियो । विगतका तुलनामा चिराइतो उत्पादनमा क्रमिक घट्दै गएको देखिन्छ । चिराइतो संकलन गरेर जिल्लाबाहिर लैजान अनेक प्रक्रियागत झन्झट रहेको चिराइतो संकलक व्यापारी बताउँछन् । झार वर्गको यो वनस्पति संकलनका लागि २८ महिनामा मात्रै योग्य हुने गरेको छ । तर एक पटक लगाएपछि बर्सेनि लगाउनु भने पर्दैन । पाकेको फूल आफैं झर्छ र त्यहीं उम्रन्छ । पहिलो वर्ष काण्डवृद्धि नभई त्यसबाट पात पलाई मूलाजस्तो हुने, दोस्रो वर्ष जमिनमाथि काण्ड विकास भई हरेक आँख्लामा हाँगा र पात पलाएर आउने र यसमा फूल फुल्ने र बीउ लाग्ने किसान बताउँछन् । दुई वर्षमा सप्रेको बोट १.५ मिटरसम्म अग्लो हुने किसानहरूको भनाइ छ । नेपालमा कूल उत्पादनको ९० प्रतिशत चिराइतो विदेश निर्यात हुन्छ । यसमध्ये ८० प्रतिशत भारतमा मात्र निर्यात हुने बताइएको छ । बाँकी २० प्रतिशत चीन, स्विडेन, हल्यान्ड, मलेसिया, सिङ्गापुर, जर्मनी, इटाली, फ्रान्स, स्विजरल्यान्ड, श्रीलंका, बङ्गलादेश, पाकिस्तान, अमेरिकालगायत देशमा निर्यात हुने वनस्पति विभागले जनाएको छ । यो जडीबुटी विभिन्न प्रकारका रोग निको पार्न प्रयोग गरिन्छ । परम्परागत चिकित्सा पद्धति जस्तै आयुर्वेद, युनानी, होमियोप्याथी, सिद्धा, सोवारिग्पामा घरेलु औषधीका रुपमा चिराइतोको प्रयोग हुने गर्दछ । मुख्यगरी यसको प्रयोग बलवर्द्धक, ज्वरोनाशक र कब्जियत खुलाउनका लागि प्रयोग हुने वनस्पति विभागले जनाएको छ । तिब्बती चिकित्सा पद्धतिमा चिराइतोको प्रयोग पित्त र ज्वरोको प्रयोग हुने उल्लेख गरिएको छ । महिलामा हुने महिनावारी गडबडी, कब्जियत, पित्तनाशक, शरीर सुन्निएको ठाउँमा, श्वेत प्रदर, छाला रोग, दाद निको पार्न/गर्न प्रयोग गर्न सकिन्छ भने चिराइतोबाट ब्याक्टेरिया, ढुसी आदि पनि निर्मूल गर्न सकिन्छ । वनस्पति विभागका अनुसार नेपालको पूर्वी भेग ताप्लेजुङ, पाँचथर, इलाम, तेह्रथुम, सङ्खुवासभा, धनकुटा, भोजपुरदेखि मकवानपुर, सिन्धुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, गोरखा, सल्यान, रोल्पा, डोल्पा, अछाम, डोटी, डडेलधुरा, बाजुरालगायत जिल्लामा प्राकृतिक रूपमै चिराइतो हुने गर्दछ ।**-रासस**

### मुद्रण उद्योग महासंघ लुम्बिनीको साधारणसभा तथा अधिवेशन

# 'नेपाली मुद्रण उद्योगलाई सरकारले ध्यान दिनुपर्छ'




**दाङ,** फागुन ५/नेपाल मुद्रण उद्योग महासंघका केन्द्रीय अध्यक्ष विष्णु तिवारीले नेपाली मुद्रण उद्योगलाई सरकारले नीतिगत रुपमा ध्यान दिनुपर्ने बताएका छन् । शनिबार नेपाल मुद्रण उद्योग महासंघ लुम्बिनी प्रदेशको साधारणसभा तथा अधिवेशनलाई दाङमा सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

प्रमुख अतिथि समेत रहेका तिवारीले नेपाल डिजिटलाईजेशनमा अगाडि बढेका कारण मुद्रण व्यवसाय कमजोर भई व्यवसाय नै ह्रास हुन पुगेको भन्दै त्यस सरकारले त्यसतर्फ ध्यान दिनुपर्नेमा जोड दिए । उनले भने 'अब मुद्रण व्यवसायी आधुनिक प्रविधिमैत्री हुनुपर्ने बेला आएको छ, हामी प्रविधिमैत्री बन्न सकेनौ भने हाम्रो व्यवसाय समेत धरापमा छ ।' महासंघका केन्द्रीय उपाध्यक्ष मीना ढकालले सरकारी मुद्रणको काम छिमेकी देशमा जानबाट रोक्न नीतिगत रुपमा अगाडि बढ्नुपर्ने धारणा व्यक्त गरिन् । महासंघका संस्थापक सचिव तथा महासंघ केन्द्रका सल्लाहकार खेम प्रसाद लुईटेलले मुद्रण व्यवसायी आफ्नो व्यवसायमा इमानदारीताका साथ लाग्नुपर्ने भन्दै छपाई दर रेटमा एक रुपता हुनुपर्नेमा जोड दिए । महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्ण पराजुलीले प्रदेश भित्रका सबै मुद्रण व्यवसायी एक जुट भएर अगाडि बढ्नुको विकल्प नरहेको बताए । उनले प्रदेश भित्रका सबै जिल्ला संघहरुलाई प्रविधिमैत्री बनाउन तीनै तहका सरकार र महासंघ अगाडि बढ्ने धारणा व्यक्त गरे । सभामा महासंघ लुम्बिनी प्रदेशका सदस्य जगदीश भट्टराई, रोल्पाका मानसिंह विश्वकर्मा, बर्दियाका सन्तोष भट्टराई, दाङका दीपक आचार्य, कपिलवस्तुका गोमान पाण्डे, प्युठानका लक्ष्मी न्यौपाने, बाँकेका विनोद पौडेल, रुपन्देहीका पशुपति पौड्याल लगायतले मुद्रण क्षेत्रमा देखिएका समस्या र समाधानका उपायका विषयमा आ-आफ्ना धारणा राखेका थिए । महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्ण पराजुलीको अध्यक्षता, उपाध्यक्ष घनश्याम घिमिरेको स्वागत, सचिव सिएम उपाध्यायको सञ्चालनमा उद्घाटन सत्र कार्यक्रम भएको थियो ।

# लुम्बिनीमा 'शिखर सम्मेलन' हुँदै, तयारी तिव्र

**बुटवल,** फागुन ५/लुम्बिनीमा फागुन २८ देखि २९ गते सम्म चौथो अन्तर्राष्ट्रिय बालबालिका, विकास र शान्तिका लागि 'लरेट्स एन्ड लिडर्स शिखर सम्मेलन' हुने भएको छ । लुम्बिनी प्रदेश सरकारको आयोजनामा बुद्धस्थल लुम्बिनीमा सम्मेलन हुन लागेको हो ।



सम्मेलनको तयारी तिव्र पारिएको छ । नेपालमा पहिलोपटक हुन लागेको सम्मेलनको तयारी तीव्र बनाएको आयोजक समितिले जनाएको छ । संघीय सरकारको स्वीकृति र मन्त्रिपरिषद्को निर्णयअनुसार प्रदेश सरकारको आयोजना र व्यवस्थापनमा सम्मेलन हुन लागेको हो । सम्मेलनको तयारीका लागि आवश्यक परामर्श गर्न मुख्यमन्त्री सहितको टोलीले केही दिन अघि संघीय सरकार र राजनीतिक नेतृत्वसँग छलफल गरिसकेको छ । सम्मेलनलाई सफल बनाउन संघीय सरकारका परराष्ट्रमन्त्री एनपी साउदको संयोजकत्वमा लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरी सदस्य रहेको १३ सदस्यीय उच्चस्तरीय समन्वय समिति गठन गरिएको छ । सम्मेलनमा विभिन्न राष्ट्रका ९ जना नोबेल पुरस्कार विजेताको सहभागिता हुने निश्चित भएको छ । सम्मेलनका क्रममा लुम्बिनी प्रदेशको विकास, सम्भावना र स्रोतको व्यवस्थापनबारे विकासोन्मुख राष्ट्रका प्रतिनिधिहरूसँग प्रदेश सरकारको छुट्टै नीतिगत छलफल हुने बताइएको छ ।

# त्रिबक्या पाल्पाका...

...साहित्यकार राजेन्द्रगोपाल सिंहले पत्रिका प्रकाशनले त्रिभुवन बहुमुखी क्याम्पसका गतिविधी सक्रिय बनाउन सहयोग पुग्ने बताउँदै क्याम्पसलाई माथी उठाउन सबै पक्षले आ-आफ्नो स्वार्थ त्यागेर काम गर्नुपर्नेमा जोड दिए । त्रिवि कर्मचारी संघका अध्यक्ष डुकुलराज ढकालले दरबन्दी अनुसार कर्मचारी नहुँदा काम गर्न समस्या परेको बताए । त्रिवि प्राध्यापक संघ एकाइ समितिका सभापति खिमबहादुर रानाले त्रिभुवन जर्नलको प्रकाशन राम्रो भएको र त्रिभुवन विश्वविद्यालयको बेथितिलाई निर्मम भएर सुधार गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा क्याम्पस अनुसन्धान व्यवस्थापन समितिका अध्यक्ष डा. शंकरप्रसाद गैरेले जनरल २ माथी टिप्पणी गरेका थिए । कार्यक्रममा जर्नल प्रकाशनमा सहयोगीहरुलाई मायाको चिनो प्रदान गरिएको थियो । कार्यक्रममा क्याम्पस प्रमुख टंकप्रसाद भट्टराईले क्याम्पसमा अब्बल पठन-पाठन भईरहेको र विद्यार्थीको अवस्था पनि सन्तोषजनक रहेको बताए । उनले क्याम्पसले झेल्नुपरेका समस्या र समाधानका लागि केन्द्रबाट आवश्यक पहल हुनुपर्नेमा जोड दिए । क्याम्पस प्रमुख भट्टराईको अध्यक्षता, सहायक क्याम्पस प्रमुख कृष्णबहादुर कार्कीको स्वागत , अर्का सहायक क्याम्पस प्रमुख डा. रामनाथ न्यौपानेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

### खेलकुद समाचार

# नेदरल्याण्ड्स विरुद्ध नेपालको शानदार जित



**काठमाडौं,** फागुन ५/आईसीसी क्रिकेट विश्वकप लिग २ अन्तर्गत त्रिवि क्रिकेट मैदानमा भएको दोस्रो खेलमा नेपालले नेदरल्याण्डसमाथि ९ विकेटको जित हात पारेको छ ।

शनिबार नेदरल्याण्डसले दिएको १ सय ३७ रनको सामान्य लक्ष्य नेपालले १५.२ ओभरमा एक विकेटको क्षतिमा भेट्टायो । नेपालका अनिलकुमार साहले ५७, आसिफ सेखले ५४ र कुशल भुर्तेलले २८ रनको योगदान गरे । टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेदरल्याण्ड्स ३९ ओभरमा १३७ रनमा अल आउट भयो । नेदरल्याण्ड्सलाई अल आउट गर्ने क्रममा कुशल भुर्तेलले ४ तथा ललित राजवंशीले २ विकेट लिए । सोमपाल कामी र रोहितकुमार पौडेलको नाममा समान १ विकेट रह्यो । नेदरल्याण्ड्सका २ जना रन आउट भए । बिहान ब्याटिङ गर्न कठिन मानिने त्रिविको विकेटमा टस जितेर फिल्डिङ गर्ने कप्तान रोहितकुमार पौडेलले निर्णयलाई सही सावित गर्दै ओपनर बलर सोमपाल कामीले तेस्रो बलमा नै विकेट लिएका थिए । खाता नै नखोली माइकल लेभिटलाई गुमाएपछि नेदरल्याण्ड्सले नेपाली बलर सामु खुलेर खेल्न पाएन । अर्का ओपनर म्याक्स ओडाउड व्यक्तिगत १० रनमा रनआउट भए । स्याब्रान्ड एंगेलब्रेक्टले इनिङ सम्हाल्ने प्रयास गरे पनि उनी व्यक्तिगत २३ रनमा ललित राजवंशीको बलमा अनिल साहबाट क्याच आउट भए । उनले तेस्रो विकेटका लागि बास डि लिडेसँग ३८ रनको साझेदारी गरेका थिए । लिडे २७ रन बनाउँदै ललितकै बलमा बोल्ड भए । त्यसपछि कप्तान स्कट एडवार्ड्सले ३३ रन बनाए । उनी कुशल भुर्तेलको एलबीडब्लू धरापमा परे । नवौं विकेटका रुपमा उनी आउट हुँदा नेदरल्याण्ड्सको स्कोर बोर्डमा १२७ रन थियो । थप १० रन जोड्दा भिभियन किंग्माको विकेट लिँदै भुर्तेलले नेदरल्याण्ड्सलाई अल आउट गरे । यसअघि कीर्तिपुर मैदानमा भएको लिग टु को पहिलो खेलमा नेपाल नामिबियासँग पराजित भएको थियो ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

### अर्थ/कर्पोरेट समाचार

# १८ खर्बको बजेट ल्याउन सिफारिस




**पाल्पा,** फागुन ५/राष्ट्रिय योजना आयोगले आगामी वर्षको बजेट १८ खर्बको ल्याउन सिलिङ सिफारिस गरेको छ । योजना आयोगका उपाध्यक्ष मीनबहादुर श्रेष्ठ नेतृत्वको स्रोत अनुमान समितिले सरकारलाई बजेट सिलिङ सिफारिस गरेको हो ।

मध्यकालीन खर्च संरचनाले आगामी आर्थिक वर्षको बजेट १९ खर्ब ४९ अर्ब ५० करोड रुपैयाँ बराबर हुने प्रक्षेपण गरेको थियो । आयोगले मध्यकालीन खर्च संरचनाले प्रक्षेपण गरेको भन्दा डेढ खर्ब रुपैयाँ कम बजेटको सिलिङ तोकेको छ । आयोगले गत जेठमा १६ खर्ब ८८ अर्बको बजेट सिलिङ तोकेको थियो । अर्थमन्त्री डा. प्रकाशशरण महतले भने आयोगले तोकेको सीमाभन्दा ६३ अर्ब रुपैयाँ बढीको बजेट ल्याएका थिए । चालु आर्थिक वर्षका लागि मन्त्री महतले १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख रुपैयाँको बजेट विनियोजन गरेकोमा अर्धवार्षिक समीक्षामार्फत १५ खर्ब ३० अर्ब २६ करोड ६२ लाख रुपैयाँमा झारिएको छ । महतले गत जेठ १५ मा संसद्मा पेस गरे अनुसारको लक्ष्य भेट्न मुस्किल परेपछि सवा २ खर्ब २१ अर्ब रुपैयाँले बजेटको आकार घटाएका हुन् । गत आर्थिक वर्षका लागि तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले १७ खर्ब ९३ अर्बको बजेट ल्याएका थिए । उक्त बजेट पूरै खर्च नहुने भएपछि निवर्तमान अर्थमन्त्री विष्णु पौडेलले २ खर्ब ४४ अर्ब रुपैयाँले घटाउँदै १५ खर्ब ४९ अर्ब रुपैयाँ कायम गरेका थिए । गत आर्थिक वर्षमा कुल १४ खर्ब २९ अर्ब ५६ करोड ४० लाख रुपैयाँ खर्च भएको थियो ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन ०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई